नेपालको

राजनीतिक

अध्ययन

–सरिता ढकाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालको

राजनीतिक

अध्ययन

–सरिता ढकाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक :– सरिता ढकाल
सानेपा वार्ड नं. २, ललितपुर ।

सर्वाधिकार लेखिकामैं सुरक्षित ।

प्रथम प्रकाशन– २,००० प्रति
वि. सं. – २०४५.

मूल्य– २०/–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समर्पण

मेरो जीवनमा प्रेरणा र प्रोत्साहनको प्रतिमूर्ति
मेरी प्यारी आमा स्व० मदन कुमारी ढकालमा
सादर समर्पित ।

–छोरी सरिता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेरो भन्नु

आज देश ठूलो आर्थिक शंकटमा छ, देशको आर्थिक शंकटको कुरा राजनीतिक शंकटसंग हुने गर्दछ । अतः जनमत संग्रहपछि देखि अहिलेसम्म प्रकाशित मेरा विभिन्न लेखहरू मध्ये ६ वटा चुनेर एकावद्ध गरी पुस्तकको रूपमा छलफलको लागि प्रस्तुत गरेकी हूँ । कुनै पूर्वाग्रह नराखी निस्पक्षरूपले अध्ययन गरेर छलफलमा आए देशको राजनीतिमा योगदान हुनेछ । राष्ट्रिय राजनीतिमा योगदान गर्ने यो पनि एउटा प्रक्रिया हो । त्यसर्थ पञ्चायत, पञ्चायत इतरका तमाम राजनैतिक शक्तिहरू, देशका बुद्धिजीवीहरूले यस छलफलमा सरिक भएर देशको राजनीतिमा योगदान पुगे अनुगृहीत हुनेछु ।

—सरिता ढकाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय सूचि

१– जनमत संग्रह पछिको राजनीति १

२– आजको राजजीतिमा युवा नेतृत्वको प्रश्न ६

३– वी० पी० कोइराला ११

४– पञ्चायतको भविष्य के ? १८

५– वामपन्थी शक्तिः आजको राष्ट्रिय सन्दर्भमा २४

६– नेपालको राजनीतिक गतिविधि ३१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनमत संग्रह पछिको राजनीति

जनमत संग्रह पछिको राजनीतिलाई नेपाली जनताले चाखका साथ हेरेका हुन् । देशमा राजनैतिक स्थिरताको स्थापना सम्पूर्ण नेपालीको मांग थियो र जनमत संग्रहको समाप्ति पछि जुनै पक्षको विजय भए तापनि राजनैतिक स्थिरताको स्थापनाको लागि प्रत्येकले विश्वास राखेका हुन् । तर आज जनमत सग्रह समाप्त भएको केही अवधि नगुज्रंदै विजयी पञ्चायती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यवस्थाले देशमा यसको विपरीत राजनैतिक अस्थिरतालाई अझ चर्काउँदै लगेको छ । आजको राजनैतिक अस्थिरता सबैको चिन्ता-को विषय बनेको छ र आज यो स्थितिमा नेपालको भविष्य के त भन्ने प्रश्न प्रत्येक नेपालीको मष्तिष्कमा उठिरहेछ । सबैले थाहा पाएकै कुरो हो पञ्चायती व्यवस्था भित्रका व्यक्तिहरूले जनमत संग्रहको समयमा राष्ट्रिय एकताको समस्या निर्दलीय पञ्चायती व्यवस्था भित्र मात्र सम्भव छ भन्ने कुरा भनेका हुन् । तर व्यापक मेल-मिलापको कुरा गर्ने पञ्चायती व्यवस्था यति छोटो अवधि मै आज नीजि साना स्वार्थलाई लिएर फूटवाजीको बाटो हिड्न लागेको देखिदै छ ।

आज देश जब कि मूल्य वृद्धि, बेरोजगारी, मुद्रास्फीति, उपयोगका चीजहरूको अभाव जस्ता राष्ट्रिय समस्याहरूले पीडित बनेको छ भने यति बेला पञ्चायत आफू भित्र सम्पूर्णलाई समेटेर राष्ट्रिय समस्यालाई समाधान गर्नुको साटो पद, मान-प्रतिष्ठाको सानो स्वार्थलाई अगाडि सारेर मल्ल युद्धमा व्यस्त छ । जनमत संग्रहको अगाडि यो एउटा शक्तिको रुपमा जस्तो देखिएको थियो भने आज गूठ स्वार्थलाई सामनेमा राखी यो यसरी लड्न लागेको छ, देशमा विद्यमान आर्थिक चुनौतीहरूको समाधानको बाटोबाट बिमुख भई यो एउटा अराजनैतिक जमातको अखडा हो भन्ने देखा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर्दछ । पञ्चायती व्यवस्थाले यसको शुरू देखि नै राष्ट्र निर्माणका ठूला ठूला कुरा गर्ने गरे तापनि राष्ट्रिय उत्पादनलाई वढावा दिने जस्ता निश्चित र स्थायी कार्यक्रम र नीति कहिल्यै पनि अपनाउन नसकेकाले समय–समयमा देशमा ठूला–ठूला आर्थिक शंकटहरू उत्पन्न गराउँदै आएको छ । नेपाल अहिले यस्तै शंकटको भुमरीमा परेको छ । नेपालको आर्थिक अस्तित्वलाई नै लिएर आज प्रश्न गर्न लागिएको छ ।

जनमत संग्रहमा माथि उल्लेख गरिएका समस्याहरूलाई देखाउँदै यी समस्याहरूको समाधान निर्दलीय व्यवस्था अन्तर्गत व्यापक राजनैतिक मेल-मिलाप कायम गरी समाधान गर्न सकिन्छ भन्ने कुरा जन समक्ष राखिएको थियो र यो राष्ट्रिय मेल-मिलाप पञ्चायतले प्रतीज्ञा गरे मुताविकको राजनैतिक सुधारको आधार-मा सम्भव छ भन्ने कुरा पनि वताइएको हो । तर आज यी सवालवाट पञ्चायती व्यवस्था पृथक रहन खोजेको छ । देशमा विद्यमान आर्थिक विषमताको समाधान प्रजातान्त्रिक आधारमा मात्र सम्भव छ भन्ने कुरा सर्वमान्य छ । तर आज देशको यस्तो स्थितिमा एका एक जनताले एक वर्षदेखि उपभोग गरी आएका प्रजातान्त्रिक अधिकार समेत एक अध्यादेशको जारी गराई खोसी दियो । यस्तो स्थितिमा पञ्चायतले आफै भन्दै आएको राजनैतिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यापक मेल मिलापको सम्भावना कसरी सम्भव छ? यो राजनैतिक व्यापक मेल मिलाप देशमा उपस्थित यी राजनैतिक तथा आर्थिक चुनौतीहरूको विना समाधान सम्भव छ? जनमत संग्रहको परिणामको तत्कालै पछि देशमा दैनिक उपभोगका सामाग्रीहरूको मूल्य वृद्धि पञ्चायत भित्र हुँदै आएको आर्थिक विफलताको परिणाम हो । जथा-भावी संगको मूल्य वृद्धि र उपभोगका वस्तुहरूको अभाव मात्र होइन आज शहर र गाउँका हाम्रा लाखौं लाख युवकहरू विना काम र मामका भई घुमिरहेका छन् । गरीवी नै आज देशको एक मुख्य समस्या वनेको छ । राष्ट्रिय आयका स्रोतहरू वढाउने तर्फ ध्यान दिएको छैन । नेपाल एक कृषि प्रधान देश भएर पनि यसको उत्पादनमा सालना ह्रास हुँदै आएको छ । नेपाल जल स्रोतमा एक धनी देश भएर पनि कृषि उत्पादनमा चाहिने सिंचाई,विद्युत जस्ता उत्पादनका पूर्वाधारहरूको विकासमा राम्रो ध्यान दिइएन । यस्तो स्थितिमा देशमा साधारण रुपले औद्योगिकरण गर्ने कामसम्म हुन सकेन । प्रशासन चलाउनको लागि समेत वैदेशिक सहयोगमा निर्भर हुने हालतमा देश पुगिसकेको छ । पञ्चायती व्यवस्था भित्र मात्र देशको उन्नति सम्भव छ भनी राष्ट्रिय नाराहरू दिने पञ्चायती व्यवस्थाले आज देशलाई यसरी जर जर पारी परामुखी वनाएको छ । आज देशको यस परिस्थितिमा पञ्चायत एक्लै राष्ट्रमा उपस्थित तमाम राजनैतिक शक्तिहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यापक मेल-मिलाप विना राष्ट्र निर्माणको ऐतिहासिक जिम्मेवारो-लाई वहन गर्न सक्ने अवस्थामा छैन । देशको अर्थतन्त्र दिनौं-दिन वन्दै गएको परामुखी अवस्थावाट मुक्त गराउन देशमा उपस्थित तमाम राजनैतिक शक्तिहरूको व्यापक मेल-मिलाप विना सम्भव देखिन्न । अव पनि विपक्षी शक्तिहरूलाई अवहेलना गरी पञ्चायत एक्लोले राष्ट्र निर्माण गर्ने कुरा सोच्नु सम्भव देखिदैन । राष्ट्र निर्माणको दुइ दशकसम्मको ठूला–ठूला नारा भित्र देश आर्थिक रुपले स्वाभलम्वी वन्नुको साटो हर क्षेत्रमा परामुखी वन्न पुगेको छ । देशको हर क्षेत्रमा भएका आर्थिक विफलताहरूले गर्दा नेपाली जन जीवनका सबै अङ्ग र तह वर्वाद गराई जनताले आफ्नो दैनिक काम र मामको लागि समेत विदेशीको भूमिमा चारैतिर घुम्दै हिड्नु पर्ने स्थिति उत्पन्न भएको छ । राष्ट्र निर्माणका ठूला ठूला नारा भित्र वैदेशिक अनुदान अन्तर्गत निर्मित यातायात जस्ता एक दुइ वटा उपलव्धिलाई नै अहिले वारम्वार दोहऱ्याइँदै छ । खाद्या-न्नमा सधैं स्वावलम्वी रहेको देश अहिले आएर केही समयदेखि खाद्यान्न वाहिरवाट आयात गर्ने अवस्थासम्ममा पुगेको छ। उत्पादन वढाउनें भन्ने अहिले जतिसुकै आकर्षक भाषामा वोलिए पनि कृषि होस् अथवा उद्योगको क्षेत्रमा उत्पादन वढाउन चाहिने आवश्यक सुविधाहरू यथेष्ट मात्रामा तयार हुन नसकेको प्रष्ट छ । यस्तो स्थितिमा नेपालको राष्ट्रिय उत्थानको कुरा सम्भव छ छैन भन्नेमा नै शंका-उपशंका गरिंदै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आजको राजनीतिमा युवा नेतृत्वको प्रश्न

आजको राजनीतिमा युवा नेतृत्वको कुरा सुनिन लागेको छ । विशेष गरेर छिमेकी देश भारतमा केही समय पहिलेदेखि युवा नेतृत्वको कुरा चल्दै आएको हो । अहिले यता नेपालमा पनि यो एउटा चर्चाको विषय बन्न लागेको छ । यो कुरा विशेष गरेर देश भित्र देखा पर्न लागेका कतिपय राष्ट्रिय विफलताले चर्चामा आउन सकेको हो । भारतमा १९७७ मा स्थापित जनता पार्टी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भित्रका दल र सम्प्रदाय वीचको आपसी स्वार्थपरक तानातानी र त्यहाँका जनता वीच उत्पन्न व्यापक असन्तोष भएको हुँदा त्यहाँ नयाँ नेतृत्वको मांग उठ्नु स्वभाविक भएको थ्यो। यस्तै स्थितिमा केही समय पहिले भारतमा सम्पन्न आम निर्वाचनमा इन्दिरा कांग्रेसको विजय पश्चात् संजय गान्धी लगायतको एउटा जत्थालाई देखाई त्यहाँ युवा नेतृत्वको प्रचार चलाइएको हो। यसको देखा सिकी यता नेपालमा पनि युवक नेतृत्वको चर्चा चलाइएको छ। तर भारतको जनता पार्टी भित्र उत्पन्न आपसी कलह र तत् पश्चात् सम्पन्न आम निर्वाचनमा उसको पराजय भारतीय आर्थिक जीवनमा उत्पन्न हुँदो आर्थिक विषमताको समाधानमा रहेको विफलता नै मुख्य कारणमा रहेको थ्यो भन्ने फुरा प्रष्ट भइ सकेको छ। तत् पश्चात आम निर्वाचनमा विजयी इन्दिरा कांग्रेस र उसको सहयोगीको रुपमा संगठित युवा नेतृत्व समेत देश भित्र उत्पन्न कलह आर्थिक विषमता लाई समाधान गर्नमा उसरी नै विफल रहेको देखा पर्दछ। छोटकरी मा भन्दा पूराना या नव युवकको नेतृत्व संगको प्रश्न भारतीय आर्थिक जीवनमा देखा परेको विषमताको कारण भन्दा पनि त्यहाँ-को सम्पन्न र विपन्न वर्ग वीचको द्वन्द वीचको उपज छ भन्नें कुरा त्यहाँका जनताले प्रष्ट बुझ्न लागेका छन्।

यही कुरा नेपालमा हेर्दा विकासको सम्वन्धमा विगत दुइ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशकको इतिहासलाई सामनेमा राख्नु पर्दछ । यो दुइ दशकलाई नै नेपालको इतिहासमा विकासको युग मानिए तापनि आर्थिक उत्थान को दृष्टिले विफलताका दिन मानिएका छन् । नेपालमा युवा नेतृत्वको चर्चा यो पृष्टभूमिमा हुन लागेको छ। यो दुई दशक भित्र पञ्चायत भित्रको नेतृत्व देश र जनताको उत्थान प्रति इमान्दार रहनुको सट्टा वढी भ्रष्ट र अनुउत्तरदायी रहचो भन्ने कुरा छ । पञ्चायत वाहिर रहेका विपक्षी राजनैतिक शक्तिहरूको नेतृत्वकारी अङ्ग पनि समान रुपले राष्ट्रिय स्वार्थ प्रतिको उत्तरदायित्वमा विफल रहेका मानिएका छन। अतः पञ्चायत वाहिरको राजनैतिक नेतृत्वमा समेत युवक वर्गको नेतृत्वको वढावाको चर्चा यता उता चल्न लागेको छ । देशको वर्त्तमान स्थितिमा पुराना नेताहरूसंग असन्तोष भई अर्कै नव नेतृत्व खोज्ने कुरा सबै राजनीतिक संगठन-हरू भित्र देखा पर्दैछ । पूराना नेताहरूलाई पन्छाई युवा नेतृत्वलाई जिम्मेदारी ठाउँमा वढावा दिनेहरू नै यता शंकाको आँखाले हेर्न लागेका पाइन्छन । भारतमा पूराना नेताहरूको ठाउँमा नयाँलाई ल्याउने इन्दिराको यस प्रयासलाई त्यहाँका जनतावाट समेत शंकाको दृष्टिले हेरिंदै छ । नेपाल जस्ता विकासशील देशहरूमा युवकहरूको जमात राष्ट्रिय उत्थानमा एक प्रभावकारी भूमिका राख्ने वर्ग मानिए तापनि यसलाई उत्तरदायी पदमा नियुक्त गर्ने अर्कै कुरा हो। कसैलाई पनि स्वतः नेतृत्वकारी अङ्ग वनाउन सकिंदैन जनताको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वीचवाट उनीहरूको सहभागी वन्दै आउने नै नेतृत्वको वहन गर्ने व्यक्ति हुन्छ जसले मात्र जनता र देशका विविध समस्याहरू बुझेको हुन्छ । देश र जनताका समस्याका उल्झनदेखि पृथक रहेको एउटा कुनै युवालाई स्वतः उत्तरदायी पदमा राख्दैमा राष्ट्रिय नेतृत्वको सृजना हुने होइन । नेता भनेको स्वयमैं एउटा राष्ट्रिय उत्तरदायीत्वमा बोल्ने गरेको व्यक्ति हुन्छ । यसरी देशको आर्थिक विफलता र विषमताको परिणाम स्वरुप अगाडि सारिएको युवा नेतृत्व स्वतः राष्ट्रिय विकासको अवरोध बन्न जाने छ ।

अतः अहिलेका युवा नेतृत्वका कुरा राजनैतिक प्रक्रिया वाहिरका कुरा छन् भन्ने स्वतः सिद्ध भइसकेका छन् । जुनै पनि देश जहाँ अहिले युवा नेतृत्वको प्रश्नलाई चर्को रुपमा वाहिर ल्याउने प्रयास गरिएको छ त्यहाँ त्यहाँको राजनैतिक व्यवहारको विफलताको ढाक–छोप गर्ने यो एउटा चालको रुपमा मात्र ल्याइएको छ । भारतमा युवा नेतृत्वको वढी कुरा गर्ने त्यहाँको पार्टी र त्यहाँका नेताको दृष्टिकोण सर्वदा अप्रजातान्त्रिक र एकलौटी शासनको दृष्टिकोण रहंदै आएको छ भन्ने त्यहाँका वौद्धिक समुदायले बुझिसकेका छन् । त्यस्तै नेपालको आर्थिक विफलताको कारण यसमा रहेका पूराना नेताहरूले गर्दा भन्दा पनि पञ्चायती व्यवस्थाको आफनै अराजनैतिक व्यवहारले छ भन्ने कुरा पनि प्रष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ । हाल पनि पञ्चायत भित्र यो व्यवस्थालाई राजनैतिकरण गर्न दिशातर्फ यसका कार्यकर्ता बीच ठूलो द्वन्द्व चलेको पत्र–पत्रिकामा दिनहुँ पढ्न पाइन्छ । पञ्चायत भित्रको यो आन्दोलनलाई नष्ट गराउने उद्देश्यमा यो व्यवस्था भित्रका युवाहरूलाई उनीहरूको नेतृत्वको प्रश्न उठाई यो राजनैतिकरणको आन्दोलनबाट युवकहरू-लाई विमुख राख्ने एउटा चाल चलिंदै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वी० पी०
कोइराला

वी० पी० कोइरालाको निधन पछि उहाँलाई लिएर धेरै धेरै चर्चा भए। तर उहाँलाई कसरी हेर्ने अहिले पनि विवाद चल्दैछ। कुनै पनि राष्ट्र त्यहाँका राजनैतिक नेताको निधनमा उसलाई कुनै दृष्टिकोणबाट हेर्ने भन्दा पनि सम्वेदना र संवेगकै प्रवाहमा बोल्ने गरेको प्रायजसो पाइन्छ। तैपनि वी० पी० लाई हेर्दा कसैले महामानव, महा पुरूष, जननायक भन्ने कुरा भने यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावावेशमा बोलिएको मात्र देखियो ।

वी० पी० कोइरालाको निधन सबैलाई खड्किएको हो । तर यस्ता कुराहरू मात्र व्यक्त गर्नु भन्दा वी० पी० कोइरालाको ३५ वर्षको यति लामो राजनैतिक जीवनमा के भूमिका रह्यो त्यसको मूल्याङ्कन भएको भए अरुलाई ठूलो सबक र शिक्षा मिल्न सक्तथ्यो । '०७ सालको क्रान्तिका नेता भएर राणाको जहानीया शासन विरूद्ध क्रान्ति गरेकाले वी० पी० ले नेपाली जनताको ठूलो श्रद्धा र आस्था पाउनु भएको हो । तर पछि गएर वी० पी० बाट राष्ट्रका विभिन्न सवाल र समस्याबाट अलगिदै आफ्नो त्यही सङ्गठन जसले देशको त्यत्रो संघर्षमा देशका विभिन्न शक्तिहरूसंग मेलजोल गरी त्यस्तो भूमिका खेलेको थ्यो त्यसलाई देशका कतिपय राजनैतिक सङ्गठनहरूबाट पृथकै राख्ने काम भयो । उहाँको आफ्नो सङ्गठन यिनै कतिपय कारणहरूले गर्दा देशव्यापी रूपमा प्रतिष्ठा पाए पनि सङ्गठनात्मक रूपले कहिल्यै प्रभावकारी बनेर निस्किएन ।

वी०पी० कोइरालाले '०१७ सालको राजनैतिक घटना पछि प्राय: जेलमा नै आठ वर्ष बिताउनु भएकाले त्यस अवधिमा उहाँको राजनैतिक कार्यकलाप खास प्रकाशमा नआउनु स्वाभाविकै थियो । यस बखत नेपाली जनता आफ्नो जीवनका दैनिक समस्याहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समाधानमा आशा र आकांक्षा लिएर वसिरहेथ्ये । जेलपछिको उहाँको समस्त राजनैतिक जीवन कर्म क्षेत्रको थियो ।

उहाँ भारतवाट फर्के पछि उहाँले प्रतिपादन गरेको राष्ट्रिय मेल-मिलापको नीतिलाई नेपाली जनताले वढो चाखका साथ हेरेका हुन् । वास्तवमा वी पी० ले कुनै पनि यस्ता राष्ट्रिय स्वार्थका कुरा गर्दा नेपाली जनता सधैं उत्साहका साथ हेर्ने गर्दथे जसको पछाडी त्यही ०७ साले क्रान्तिको सफलता थ्यो। तर राष्ट्रिय मेल-मिलापका जस्ता कुरा गरेर हिड्ने वी० पी० कोइराला राष्ट्रिय जनमत संग्रह-मा देशका पञ्चायत वाहिरका विपक्षी शक्तिहरूसंग जो स्वयम् एकतामा उत्रन चाहन्थे तिनीहरूलाई सैद्धान्तिक मतभेद भित्रका भन्ने व्याख्या गरेर आफ्नो र अन्य संगठनहरूको एकतामा वाधक वन्न पुग्नु भयो । यस्तो समयमा पनि आफ्नै सङ्गठनमा पनि धक्का लगाउन पुग्नु भयो । देशमा उत्पन्न उक्त विशेष परिस्थितिमा पनि विपक्षी शक्तिसंगको एकताको भूमिकालाई चिन्न र आँक्न नसक्ने व्यक्तिलाई राष्ट्रिय नेतृत्वको सवालमा घेरैलाई सशङ्कित वन्न पुऱ्यायो। यस्तै व्यवहारले उहाँको सङ्गठन अकर्मन्य नै रह्यो। त्यसैले उहाँको संगठन सदैव विभिन्न राष्ट्रिय नाराहरूको भित्र जनताका दैनिक जीवनका उत्पीडनका कुराहरू गर्ने तर आन्दोलित भएर आउन सक्षम नहुने भएर वस्यो ।

पञ्चायतले गरेका विफलताहरूवाट उहाँ पट्टी नेपाली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनता के ताकी रहेथ्ये त्यसै वखत उहाँवाट विदेशी भूमिवाट गर्ने सशस्त्र कारवाहीहरूको सञ्चालनले देशवासीहरू उहाँलाई सशङ्कित नजरले हेर्न थाले । यसरी उहाँको सङ्गठन माथि माथिवाट '०७ सालको क्रान्तिको प्रतिष्ठाको आधारमा आएको थ्यो भन्ने जो समझ धेरै जसो बुद्धिजीविले लिएका थ्ये फेरि यसमा विश्वस्त हुन पुगे ।

देशमा विभिन्न राजनैतिक शक्तिहरूको उपेक्षा गरेर केवल उहाँ आफू एक्लोलाई देशको समाधानमा हेर्न पनि थाल्नु हुन्छ । वी० पी० को स्वदेश फर्काई पछिको यस्ता एकल-काँटे प्रवृतिले नेपाली जनतालाई एउटा शक्तिको रूपमा उभिन मुस्किल पर्दछ । उहाँले राष्ट्रियताको सम्वन्धमा खतराको कुरा गर्दा त्यो कस्तो खतरा उहाँले कहिल्यै प्रष्टाएर भन्न सक्नु भएन । वी०पी० आफ्नो राजनैतिक जीवनमा धेरैपल्ट यस्ता नबुझेका कुराहरू गर्दै रहनु भयो । यसरी यस्ता नबुझिने कुराहरू गर्ने र देशका अन्य राजनैतिक शक्तिहरूलाई यसमा समेटेर हिड्नु भन्दा यिनीहरूलाई कम गरेर आँक्ने र आफूलाई मात्र सर्वोपरि शक्तिको रुपमा देख्ने प्रवृत्ति उहाँमा रह्यो । उहाँको राष्ट्रिय मेल-मिलापको नीति यसको ठूलो उदाहरण वनेर वसेको छ । आपनो जीवनकालमा वखत वखतमा उहाँले राष्ट्रिय मेल-मिलापका कुरा धेरैपल्ट गर्नु भयो । जति जति बेला देश शंकटमा देखिन्थ्यो त्यतिबेला उहाँ आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय मेल-मिलापका कुराहरू लिएर आउनु हुन्थ्यो । तर अन्तिम समयसम्म यसको राष्ट्रिय एकताको कस्तो राजनैतिक स्वरूप हुन्छ कहिल्यै व्याख्या भएन। जतिबेला देशका विभिन्न शक्तिहरू राष्ट्रको दिनहुँ गिर्दो आर्थिक अवस्थालाई ध्यानमा राखेर यसको समाधान-मा एक भई काम गर्ने वाटोको रूपमा हेर्न लागेका थ्ये वी० पी० देशका शक्तिहरूको यस प्रयासलाई बेवास्ता गरी श्री ५ र आफ्नो सिधा समझदारी वनाउने पट्टी तल्लिन रहनु भयो। यसवाट उहाँको संगठन नै भित्रकाहरू पनि उहाँलाई विफल व्यक्तिको रूपमा हेर्न लाग्दछन् । उहाँको यस्तो व्यवहार रहनुमा धेरै लामो समयसम्म राजनैतिक संगठनहरू प्रतिवन्धित रहनाले जनभावनाहरूवाट वंचित र देशमा विद्यमान शक्तिहरू वीच वन्न सक्ने संयुक्त भूमिकालाई हेर्न नसक्नुमा देखिन्छ ।

तर वी० पी० ले यसरी आफ्नो संगठनलाई सदैव अन्य शक्तिहरूको संयुक्त कारवाहीवाट पृथक राख्ने जुन प्रयास गर्नु भयो त्यसले गर्दा उहाँलाई सदैव आफ्नो संगठन भित्रका लडाकु कार्यकर्तालाई सदैव थुम-थुम्याएर राख्नु पर्ने वाध्यता बनेथ्यो । देश जत्तरी विस्तारै वर्वादीतिर अग्रसर हुँदै आएको थ्यो उहाँको संगठन भित्रका कार्यकर्ताहरू यसवाट अज्ञात थिएनन् र वी० पी० देशमा उत्पन्न हुँदो यो स्थितिको परिणामस्वरूप जनतामा उत्पन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुँदो उभाडवाट कतै आफ्नो नेतृत्व नै आफूवाट नखुस्कियोस् भन्ने आशंकामा पनि देखिनु हुन्थ्यो । यसैले यतिबेला उहाँका प्राय गरेर कहिले राष्ट्रिय मेल-मिलाप, कहिले राष्ट्रियताका खतराका कुरा-पट्टि आकृष्ट गराउने व्यवहार रहन्थे ।

उहाँ देशको आर्थिक समस्याको नाममा आर्थिक विकासका कतिपय मोडेलहरू पनि सुनाउने गर्नु हुन्थ्यो । उहाँ ग्रामिण विकासका धेरै कुरा गर्नु हुन्थ्यो । तर उहाँका नेपालका ग्रामिण विकास सम्वन्धि यी मोडेलहरू यति अव्यावहारीक थिए जसलाई कसैले बुझेन ।

आपना आखिरी दिनतिर वी० पी० ले नेपाली राष्ट्रियता खतरामा छ भन्ने कुराको अर्थ नेपाली कम्युनिष्टहरू देशलाई विदेशीको हातमा सुम्पदै छन् भन्न लाग्नु भएको थ्यो । उहाँ नेपाललाई रूस, अमेरिका, चीन र भारत चार देशवाट खतरा छ भन्नु पनि हुन्थ्यो । तर आजको राष्ट्रिय सन्दर्भमा उहाँका यस्ता व्यवहार र दौडलाई हेर्दा दक्षिण पूर्वि एशियामा जागरण हुँदो राष्ट्रिय उभाडलाई हेर्नमा सर्वथा भूल गरी यी सबैलाई साम्यवादी प्रचार र प्रसारको उभाडको रूपमा मात्र उहाँलाई देखा पर्दथ्ये । त्यसैले उहाँ राष्ट्रिय जागरणको आजको देश भित्रको नयाँ जिम्मेवारी वहन गर्न सदैव सशंकित रहनु भयो । यही नै उहाँको सम्पूर्ण राजनैतिक जीवनको विफलता रहन गयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'०७ सालका सशस्त्र संघर्षद्वारा नेपालमा स्थापित सामन्ती राणाहरूको जहानीयाँ शासनलाई परास्त गरी देश र जनताको नव-निर्माणमा नयाँ जिम्मेवारी साथ अगाडि बढ्नु भएका वी०पी० कोइराला राष्ट्रिय आन्दोलनले लिएको नयाँ बाटो हेर्न नसकी उहाँ आफैले तयार गरेको अन्तरद्वन्दीत दृष्टिकोणको साथ राजनीतिक क्षोतिजवाट अस्ताउनु हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चायतको भविष्य के ?

पञ्चायतको भविष्य के, आज यो एउटा ठूलो प्रश्न बनेको छ । गएका दुई दशक यो प्रशासनमा रहे तापनि बारम्बार यसले शङ्कटहरूको सामना गरेको हो र आज यो शङ्कट झन् गम्भीर भएको छ । राष्ट्रियताको संरक्षकको रूपमा यो व्यवस्थाको उत्थान भएको भनिए तापनि राष्ट्रिय उत्थानको सवालमा यो अहिलेसम्म सफल हुन सकेन । किनभने यो एउटा विशाल जमात भए तापनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजनैतिक व्यवहारको अभावमा यो राजनैतिक सङ्गठनको रुपमा विकास हुन नसकेको कुरा " जनमत संग्रह पछिको राजनीति " भन्ने यस अर्थको मेरो लेखमा विस्तृत रूपले व्याख्या गरेकी छु । यसलाई एउटा राजनैतिक सिद्धान्तको रुपमा विकास गराउने कहिल्यै प्रयास भएन र राजनैतिक व्यवहारमा पनि ल्याउने प्रयत्न रहेन। यसका तलैदेखिका इकाईंहरूलाई हेर्दा यो साधारण राजनैतिक चरित्रमा समेत छैन । विना राजनैतिक प्रक्रियाको संगठन हुनाले यसले राजनैतिक व्यवहारको रूप लिन सकेन । विना राजनैतिक व्यवहार यसमा राजनैतिक संस्कारको पनि विकास भएन । राजनैतिक सङ्गठन यसका तलैदेखिका इकाईंहरूको संगठनात्मक राजनैतिक प्रक्रियामा निर्भर गर्दछ । यिनै प्रक्रियाहरूले राजनैतिक चरित्रहरूको जन्म दिने गर्दछन् । विना राजनैतिक प्रक्रिया यो राजनैतिक सङ्गठनको रुपमा कहिल्यै आउन सकेन । विना राजनैतिक व्यवहार जन परिचालन पनि सम्भव रहेन । राष्ट्रिय विकास सदैव राजनैतिक प्रक्रियावाट मात्र हुने गर्दछ, यो एउटा ऐतिहासिक सत्य हो । पञ्चायती व्यवस्थाले राजनैतिक दृष्टिको अभावमा राष्ट्रिय विकासको कार्यलाई केवल प्राविधिक आँखाले हेर्ने काम मात्र गऱ्यो । यसका विकास सम्वन्धी सम्पूर्ण कार्यक्रम र नीतिमा प्राविधिक दृष्टिकोण रहेको छ । यो व्यवहारले गर्दा सङ्गठनको नेतृत्व समेत राजनैतिक व्यक्तिहरूमाथि नभई कर्म-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चारीहरूको हातमा दिइयो । कर्मचारीको हातमा रहेको नेतृत्वले राष्ट्रिय विकासमा जनशक्ति परिचालन गर्ने कुरा सम्भव थिएन । यसेको परिणाम स्वरूप राष्ट्र निर्माणको क्षेत्रमा एक हद तक पूर्वाधारहरू तयार हुन सकेको भए तापनि यसको राजनैतिक परिचालनको अभावमा श्री ५ को सरकार माथि अहिले यो एउटा आफै ठूलो वोझ वन्न पुगंको छ । विकासका यी पूर्वाधारहरू उत्पादनमूलक हुन नसके पछि देशमा दिनहुँ वढ्दो आर्थिक शङ्कटको भित्रवाट वर्तमान व्यवस्था अव आफ्नै भविष्य के हो भन्ने सवाल लिएर उपस्थित भएको छ। फेरि पनि अर्को प्रवल विपक्षी राजनैतिक शक्तिहरूको अभावमा मात्र यसले आफ्नो अस्तित्व थाम्न सकेको छ।

पञ्चायत वाहिरका राजनैतिक शक्तिहरू देशका शिक्षित जनता वीच प्रभावकारी भए तापनि आफू बीचको राजनैतिक एकताको र अन्य व्यवहारको अभावमा जनताको व्यापक विश्वास लिन समर्थ भएनन् । दैनिक गरीवीको समस्याले पीडित नेपाली जनता केवल राजनैतिक भावुकताका कुराहरूले मात्र आकर्षित हुन सकेनन् । विपक्षी राजनैतिक शक्तिहरू लामो समयदेखि जनता र देशसित पृथक रहेकाले देशका समस्याहरूसंग परिचित रहन नसकेको हुन सक्तछ । दिनौं–दिनको गरीवी र बेरोजगारी जस्ता समस्याले पीडित जनताले केवल राजनैतिक भावुकताहरू भित्रका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाराहरूमा मात्र आफ्नो जीवनका समस्याहरूको समाधान देख्न सकेनन् । विपक्षी राजनैतिक शक्तिले पञ्चायतलाई कम आँकेर हेर्ने गरेको भए तापनि आपसी एकताको अभावमा यसलाई चुनौती दिन सकेन । गत जनमत संग्रहमा यसको पराजयको कारण पनि यही नै वन्न गएको छ । पञ्चायतको दुइ दशक सम्मको वरावरको विफलतापछि पनि विपक्षी राजनैतिक शक्तिहरूले यत्रो वर्षसम्मको लामो अवधिमा कुनै प्रकारको प्रभावकारी संयुक्त कार्यक्रम जनताको समक्ष उपस्थित गर्न सकेनन् । राजनीतिका भावुकताका कुराहरू गर्ने काम मात्र गरियो जसले जनतालाई खास आकर्षित गर्न सकेन । यसले कुन कुरालाई पनि प्रष्ट गऱ्यो भने केवल भावात्मक राजनैतिक कुरा गराईले मात्र आजको नेपाल जस्ता पछौटे र गरीब देशका जनताको अगुवाई गर्ने कुरा सम्भव छैन । त्यसैले पञ्चायतका विपक्षीहरूले आजको यस्तो स्थितिमा अझै खाली भावात्मक कुरा गरेर हिड्ने काम मात्र गर्नु भन्दा देशमा आजका राष्ट्रिय समस्याहरूलाई माध्यम वनाई अगाडि वढ्नु आवश्यक वनेको छ । यद्यपि अहिले पञ्चायत भित्रको एउटा अङ्ग व्यवस्थालाई राजनैतिकरण गर्ने प्रयासमा देखा पर्दैछ, तर यो कतिसम्म सफल हुन सक्तछ अगाडि हेर्ने कुरा छ । पञ्चायत भित्र देखा परेको यस प्रयासलाई विपक्षी राजनैतिक शक्तिहरूले उपेक्षा गर्नु हुँदैन । तर पञ्चायत भित्र देखा पर्न लागेको आपसी कलहले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो आप से आप टुक्रिने छ भन्ने विश्वासमा विपक्षीहरूले निर्थक्क वस्नु अर्को गल्ती हुनेछ । यो अहिले आपसी कलहमा संलग्न रहेको भए पनि राजनैतिक संस्कारको अभावमा यो टुक्रिएर वाहिर आउन सक्ने सम्भावना कमै देखिन्छ । तसर्थ वर्तमान स्थितिमा विपक्षी प्रजातान्त्रिक शक्तिले पञ्चायत भित्र राजनैतिक व्यवहारको लागि संघर्ष गरिरहेको अङ्गलाई यथा सक्य वल प्रदान गर्ने यस्तै प्रकारका नीतिहरू अपनाउन आवश्यक हुन्छ ।

तर यसको ठाउँमा आज विपक्षी शक्तिले आपसमा तथाकथित सैद्धान्तिक मतभेदका कुरा गर्ने गरेर एकले अर्कालाई गाली गर्ने व्यवहार जनता वीच रूचिकर देखिन्न ।

यी सवै कुराहरूले गर्दा यता जनताको वीच प्रभावहीन वनेंको पञ्चायती व्यवस्था फेरि पनि वाँचेर हिड्न सकेको छ । देश अहिले जव कि आफ्नो आर्थिक अस्तित्वको प्रश्न लिएर उभिएको छ यस वखत पनि यो राष्ट्र निर्माणका ठूला ठूला कुरा सुनाउँदो छ । तर देशको अर्थतन्त्र आज जसरी नियन्त्रण वाहिर देखिन लागेको छ पञ्चायत एक्लोले यसलाई सम्हाल्ने कुरा सम्भव छैन । राष्ट्रिय उत्पादनलाई वढाउन चाहिने यथेष्ट सहुलियतहरूको अभावमा तत्काल देशभित्र देखा परेका आर्थिक शङ्कटहरूको समाधान देखिन्न । देशले छैटौं पञ्च वर्षीय योजना पूरा गरि सकेको छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर राष्ट्रिय आयमा खास वृद्धि देखिएको छैन । आजको आर्थिक शङ्कटपूर्ण स्थितिमा पञ्चायतसंग कुन चाहिं यस्तो उपाय छ जसले देशमा विद्यमान यी सबै समस्याहरूलाई एकै पल्टमा समाधान गर्न सकोस् । यहाँसम्म कि प्रशासनिक खर्चको लागि समेत विदेशी सहयोगमा निर्भर गर्नु पर्ने स्थिति उत्पन्न भएको छ ।

यी सब तथ्यले गर्दा व्यवस्था आजको रूपमा अरू अगाडि रहन सक्ने स्थितिमा छैन । तर यसको अरू अगाडिको अस्तित्व विपक्षी राजनेतिक शक्तिको व्यवहारमा निर्भर गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वामपन्थी शक्तिः आजको राष्ट्रिय सन्दर्भमा

नेपालका वामपन्थी शक्तिहरूको सम्वन्धमा मैले लेख्न धेरै समय यता देखि सोचेकी हूँ । विशेश गरेर साढे तीन दशक अघि राष्ट्रिय राजनीतिमा जुन दृष्टि राखेर यिनीहरू हिड्दथ्ये आज यसमा केही फरक देखिन्न । आज यिनीहरूको अध्ययन गर्न वस्दा यिनीहरू विभिन्न टुक्रामा देखिन्छन् । कुन चाहिं वास्तवमा मूलधार हो सो छुट्याउन गाह्रो पर्दछ। यिनीहरूमा एकले अर्कालाई आरोप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्ने गरेर आफूलाई साँच्चो मार्क्सवादीमा दावा गर्ने गर्दछन् । तर मैले हेर्दा यिनीहरू मध्ये कुनैले पनि राष्ट्रिय समस्यामा भिजेर बोल्ने गरेको देखिन्न । ज्यादातः अन्तराष्ट्रिय धूरिका सिद्धान्तका विवादमा आफूलाई सरिक गराएर आजको राष्ट्रिय राजनीतिक स्वार्थका प्रश्नहरूबाट आफूलाई अलग्याएर बस्ने व्यवहारहरू पनि पाइन्छन् ।

वर्तमान राजनीतिमा विशेष गरेर पञ्चायतको विफलता-लाई देखाएर अलोचना गर्नमा मात्र सीमित देखिन्छन्। पञ्चायतको देशको आर्थिक निर्माणको बाटोमा रहेका विफलतालाई हेर्न सबने भन्दा पनि यसको परिणाम स्वरूप साधारण जन-जीवनमा पर्ने प्रतिक्रियाहरूमा मात्र आफ्नो राजनीतिलाई सीमाबद्ध गरेका पाइन्छन् । राष्ट्रिय समस्याहरू पट्टि जागरूक भएर आलोचना गरेको देखिन्न । यिनीहरूले देशका अरू राजनैतिक शक्तिहरूलाई पनि सजिलो आँखाले हेर्ने गरेको पाइन्छ । यो सब हुनुको कारणमा यिनीहरू आजका राष्ट्रिय समस्याको जटिलतामा जागरूक नहुनाले नै हो । यही जटिलताको जागरणको अभावमा यी देश भित्रका विभिन्न राजनैतिक शक्तिको लेखा–जोखा गर्न असमर्थ भइ रहेछन्।

द्वितीय विश्व युद्धपछि एशिया, अफ्रिकाका देशहरूले स्वतन्त्रता पाए पछि त्यहाँ भएको आर्थिक तथा सामाजिक विकास-को परिणाम स्वरूप त्यहाँ आएको शक्ति सन्तुलनलाई नेपालका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वामपन्थी शक्तिले हेर्न सकेको देखिन्न । हाम्रो देशमा यो साढे तीन दशकमा भएका यस्तै कतिपय विकासको परिणाम स्वरूप सामाजिक शक्तिमा उत्पन्न चरित्रहरूलाई पनि यिनीहरू हेर्न नसक्ने भएका पाइन्छन् । द्वितीय विश्व युद्ध पछि विकासशील देशहरूमा उत्पन्न नयाँ बुद्धिजीवी वर्गको ठूलो जमातको विशेष प्रकारको भूमिकालाई राम्रोसंग अध्ययन गर्न सकेको देखिन्न । त्यसैले पनि नेपालको राजनीतिको हेराईमा यिनीहरू ज्यादा संकीर्ण बनेका पाइन्छन् । आजको राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनमा मजदूर र किसान एक्लोको भूमिकाको मात्र कुरा गरेर देशमा उत्पन्न अरू आजका विभिन्न प्रभावकारी अङ्ग र तत्वको भूमिकालाई नजरअन्दाज गरेको देखिन्छ । यो परिस्थितिमा यिनीहरू राष्ट्रिय आन्दोलनलाई साँघुरो पारेर कुनै वर्ग विशेषको स्वार्थको परिपूर्तिको पूरकको रूपमा मात्र हेर्ने गरेका पाइन्छन् ।

यता राष्ट्रिय राजनीतिमा देखा पर्न लागेको यो सामाजिक शक्ति सन्तुलनलाई चिन्न नसकुञ्जेल देशको राजनैतिक नेतृत्वमा आउने कुरा सम्भव छैन । आज नेपालको वामपन्थी शक्ति मेरो अध्ययनमा यही स्थितिमा छ। उपरोक्त स्थितिमा मजदुर र किसानका समस्याहरूको कुरा गराइले मात्र उनीहरूको समस्या समाधान पनि हुने होइन । देशमा उत्पन्न आजको विशाल नयाँ मध्यम वर्गको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिकालाई पृथक राख्दा मजदूर अथवा किसान वर्ग समेत आपनो कुनै संघर्षमा पनि सफल हुन नसक्ने कुरा स्पष्ट छ किनभने किसान मजदूरलाई आफ्नो संघर्षमा ठूलो सहयोगी वन्न सक्ने आजको शक्ति पनि यही नै हो । त्यसर्थ आजको यस स्थितिमा वामपन्थीहरूका केवल संघर्षका कुराहरूले पनि कुनै अर्थ राख्दैनन् ।

देशमा नव जागृत यो विशाल नयाँ मध्यम वर्ग जो आपना समस्याहरू र राष्ट्रिय सवाल दुवैमा अत्यधिक सचेत र सदा क्रियाशील रहेको छ यसको आजको यो विशेष प्रकारको भूमिका-लाई चिन्न नसक्दा आजको राष्ट्रिय संघर्षको चरित्रलाई नै बुझ्न नसकेको देखिने छ । आजको राष्ट्रिय विकासको सवाल देशको सर्वाङ्गीण विकासको कुरा छ । देशका कतिपय अन्य राजनैतिक शक्तिहरू आजको राष्ट्रिय मान्यतामा देखा परेका छन् भने वामपन्थी शक्तिहरू उनीहरूको हाराहारीमा उभिन सकेका छैनन् । यसैले गर्दा यो देशका जनता वीचको विभिन्न समुदाय वीच प्रभावकारी शक्ति बनेर आउन सकेको छैन । देशमा जन्मिएको नयाँ सामाजिक अङ्ग र वर्गहरू र उनीहरूको आजको कार्यकलाप-लाई चिन्न नसक्दा यसले आर्थिक गतिलाई पनि बुझ्न सकेन । आजको देशको अर्थतन्त्रमा विशेष कारणवस उत्पन्न विषमतासंग राम्ररी परिचित हुन नसक्दा राष्ट्र विकासको तर्फ एउटा स्वच्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय दृष्टिकोणलाई पनि यिनीहरूले विकसित गर्न सकेका छैनन् । यो स्थितिमा पञ्चायतका उक्त विफलताका कुरा गर्दा विशेष गरेर केवल एकलकाँटे आलोचनामा सीमित रहनु पनि यस पञ्चायत भित्रका आर्थिक असफलतहरूका विशेष दुर्बलताहरूलाई उदङ्गचाउन नसक्नुको कारण हो । यसवाट यो स्पष्ट हुन्छ देशका वामपन्थी शक्तिले आजको हाम्रो देशका आर्थिक समस्याहरूलाई गहिरिएर अध्ययन गरेका छैनन् ।

देश आज जव कि राष्ट्रिय उत्पादनमा देखिएको विफलता-ले गर्दा आफ्नो आर्थिक अस्तित्वको संघर्ष मैं उल्झन लागेको देखिदैछ यति वेला वामपन्थी शक्तिहरूले उक्त कुराहरूलाई आफ्नो अध्ययन भित्र लिन सकेको पाइन्न । आज देशमा देखा परेका भूखमरी, वेरोजगारी, मूल्यवृद्धि र उपभोगका वस्तुहरूको अभावहरू पनि पञ्चायती राजनीतिको आज सम्मको त्रुटिपूर्ण आर्थिक नीति कै परिणाम हुन भन्ने कुरा तथ्यगत छन् । त्यसर्थ आदि समस्याहरू-लाई लिएर वोल्दा राष्ट्रिय आर्थिक नीतिमा देखा परेका मूलभूत त्रुटिहरूलाई समेत संग–संगै जन समक्ष प्रष्टाउन सक्दा मात्र आजको विशाल जनसमुदायलाई प्रभावित र आकृष्ट गर्न सकिने कुरा छ । यसरी हेर्दा जवसम्म देशको अर्थतन्त्र बुझिदैन तवसम्म राष्ट्र निर्माणको सवाललाई बुझ्न सकिने कुरा होइन । त्यसैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालका वामपन्थीहरूल आजको राष्ट्र–निर्माणको वाटोमा देखा परेका उपरोक्त समस्या र उल्झनहरूलाई लिएर ठोसरुपमा वोलेको कहिल्यै देखिदैन । त्यसैले यो नेपाली जनता वीच एक प्रभावकारी शक्तिको रुपमा देखा पर्न सकेन । आज देशमा अर्को शक्तिशाली वर्गको उत्पतिको अभावमा देशमा उपस्थित विशाल निम्न मध्यम वर्ग नै राष्ट्रिय उत्थानको सबै भन्दा वलियो वर्गमा देखिएको छ । यो समुदायको प्रभावकारी भूमिकाको विना आज राष्ट्रमा कुनै पनि गतिविधि सफल हुन सक्तैन कारण, आजको राष्ट्रिय उत्थानमा देशको यो वौद्धिक समुदायको समेत विशेष भूमिका हुन्छ भन्ने कुरा आजका विकासशील देशहरूमा घटेका घटनाहरूले प्रमाणित गर्दैछन् । तर यो वरिपरि घट्दै गरेका यी तथ्यहरूलाई हाम्रो देशका वामपन्थीहरूले भने अध्ययन गरेको पाइन्न । यसवाट के पनि प्रष्ट हुन्छ भनें नेपालका वामपन्थी अहिले नारावाजी जमात कै प्रभाव भित्र छन् । आजको राष्ट्रिय जटील सवाल संग परिचित नहुँदा नै यी यस्ता संकीर्ण दायरा भित्र सीमित हुन पुगेका छन् ।

यी देशमा ठूला ठूला उद्योगहरू खडा गरेर देशलाई एकैचोटी औद्योगिकरण गराउने जस्ता कुराहरू पनि गर्ने गर्दछन् । नेपाल जस्तो निम्न स्रोत र साधन भएको मुलुकमा यो कसरी संभव छ, यो बुझेको देखिन्न । यी नेपालको आर्थिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र सामाजिक संरचनालाई मामूली किसिमले पनि बुझ्न नसकेका देखिन्छन् ।

आज वामपन्थी शक्ति वीच उत्तेजित अनि अराजकता-वादीहरूको उदय हुँदो छ भने यसको कारणमा पनि यही नै छ । यी गलत समझदारीको तल आजको वामपन्थी शक्ति आजको राष्ट्रिय मूलधारवाट भड्किएर गाउँ शहरका वेरोजगार शिक्षित युवकहरूलाई लिई गलत नारामा वोलेको पाइन्छ। आजका समस्त अफ्रो–एशियाली मुलुकहरूको राष्ट्रिय आर्थिक निर्माणको वाटोलाई त्यहाँका वामपन्थी शक्तिहरूले अन्य प्रजातान्त्रिक तथा राष्ट्रवादी शक्तिसंग मिली एउटा सम–सामायिक प्रभावकारी ढङ्गको शान्तिको बाटो निर्माण गर्न सकेको हामीलाई दिन–रात थाह हुन सकेको छ ।

देशमा विद्यमान नयाँ बुद्धिजीवीको यस विशाल समुदाय जो राष्ट्रिय संघर्षको एक प्रभावकारी शक्तिको रूपमा छ यसको भूमिकालाई नचिन्ने तथा उपेक्षा गरेर हिड्ने कुनै पनि राजनैतिक शक्तिले न त देशको कार्यनीति न त रणनीति नै तयार गर्न सक्तछन् । आजको नेपालको राष्ट्रिय सवाल के हो संगै परिचित रहन नसकेको वामपन्थी शक्ति देशमा एउटा ठूलो जमातको रूपमा देखिए पनि राजनीतिक स्तरमा यो अत्यन्त पछि परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालको राजनीतिक गतिविधि

साढे तीन दशकपछि पनि नेपाल आर्थिक क्षेत्रमा स्वावलम्वी बन्न सकेन । विशेष गरेर पञ्चायती व्यवस्थाले देशको अर्थतन्त्रलाई स्वावलम्वी बनाउने वार बार कुरा गरेता पनि विकासको कार्यलाई अगाडि लैजान सकेको छैन । पञ्चायत वाहिर रहेका देशका अन्य शक्तिहरू पनि देशका जनता वीच प्रभावकारी बन्न सकेनन् । यिनीहरू देशका आर्थिक विकासका समस्याहरूबाट पन्छिई खालि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रजातन्त्रका व्याख्या गर्नमा मात्र रहिरहे । आज देशभित्र व्याप्त गरीवी र आर्थिक जर्जरताको यस अवस्थामा पनि यी उही हिसावले रहेका पाइन्छन् । देशका उदारवादी शक्तिको रूपमा देखिएका यी शक्तिहरू देशको आर्थिक विकासको कुरा लिएर प्रभावकारी ढङ्गले हिडेका पाइन्नन् । यी संगठन भित्रका नेताहरू पनि यसरी नै आफ्ना जाग्रत कार्यकर्ता र जनतासंग सधैं भयभीत पाइन्छन् । विपक्षी राजनैतिक शक्तिहरू देशव्यापी रुपमा कार्यशील कार्यकर्ता-लाई लिई संगठित भएको नहुँदा देशमा उठ्ने कुनै पनि समस्यालाई लिएर अगाडि उठाउँदै लैजान समर्थ हुन सक्दैनन् । देशका मध्यम वर्गवाट गठित यी शक्ति पञ्चायती संगठन भन्दा कुनै कुराले खास भिन्न देखिन्नन् । यी संगठनहरू देश र जनताका समस्याहरूलाई लिएर हिड्ने भन्दा पनि केही प्रसिद्धि पाएका नेताहरूको भरमा आफ्नो प्रचार वनाउने गर्दैछन् । त्यसैले यिनीहरू उदारवादी दर्शनका कुरा मात्र गरी संगठन पक्षलाई बेवास्ता गर्न पुगे । आफ्नो संगठनको यति लामो समयमा पनि जनताका आर्थिक तथा राजनैतिक ठोस कार्यक्रम र नीति लिएर आन्दोलित भएनन् । पञ्चायती व्यवस्थाको उत्थान पछि प्रजातन्त्रका व्याख्या मात्र गरेर शक्ति हत्याउने प्रयासमा यति लामो समय गुजारे । आज पनि देश जव यत्रो आर्थिक विषमता भित्र छ यी देश र जनताका आर्थिक उत्पीडनका सवालहरूमा अगाडि आएको देखिन्न । यिनीहरू कहिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा निश्चित राजनैतिक आधार विनाको तथाकथित राष्ट्रिय मेल-मिलापका कुरा गर्छन् भने कहिले सम्विधान सुधार सम्बन्धी कुरामा आफूलाई जनता र कार्यकर्ता वीच अल्झाएका पाइन्छन् । पञ्चायतका विफलताका घेरै कुराहरू गर्ने गरे पनि देश विकासका खास कार्यक्रम या नीति लिएर अगाडि कहिल्यै पनि आउँदैनन् । त्यसैले वर्तमान राजनैतिक गतिविधिको सन्दर्भमा यी जन समक्ष एक प्रभावकारी शक्तिको रूपमा देखा पर्नुभन्दा आफ्नो प्रभाव हराउँदै गएका पाइन्छन् । यता संघर्ष र आन्दोलनका कुराहरू धेरै सुनिन्छन् भने उता जनताका दैनिक आर्थिक पीडा र कष्ट आज देशमा व्याप्त बेरोजगारी, भीषण महंगी आदि जस्ता समस्यालाई लिएर आन्दोलित भएको देखिन्न । नेपाल जस्ता विकासोन्मुख देशका जनता जो आफ्नो दैनिक काम र मामको समस्याले पीडित छन् केवल प्रजातन्त्रका भावात्मक कुराहरूबाट प्रभावित नभएको देखिन्छ । त्यसैले यी आज जनता वीच आफ्नो प्रभाव दिनहुँ गुमाउँदैछन् । वर्गीय दृष्टिकोणले हेर्ने हो भने पञ्चायत पनि देशको एउटा निम्न पूँजीवादी संगठन नै हो । यो पनि आज देशका यिनै तत्वहरू र जमातको अगुवाई गर्दैछ । तर आफूभित्र राजनैतिक व्यवहारको अभावमा यसले आर्थिक बाटोमा प्रभावकारी भूमिका अपनाउन सक्ने कुरा आएन । आफूभित्र राजनीतिकरण गर्ने प्रयास-संग यो सधैं भयभीत रहेको पाइन्छ । त्यसैले पञ्चायतको शूरूदेखि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजनीतिकरण गर्न चाहने अङ्गसित यसको ठूलो अन्तरविरोध रहेको देखिन्छ । त्यसैले समय समयमा आकर्षक नारा दिएर त्यसैको रमणीयता र भ्रमजाल भित्र घुमाउने निरन्तर प्रयास देखिदोछ । पञ्चायत भित्र राजनैतिकरण गर्ने विरूद्धमा अनुदार-वादी तत्वसंगको अन्तरविरोध आज पहिले भन्दा धेरै स्पष्ट रूपमा देखिदैछ । पञ्चातलाई राजनीतिकरण गर्ने पक्ष–विपक्षको द्वन्द पञ्चायत स्वयम्लाई टुक्राउने चुनौती दिएर सम्म आएको पनि यस भित्रका केही तत्वले आपसी कलह र फूटको संज्ञा दिई त्यसलाई अगाडि आउने उभाडवाट सशक्त रूपमा दवाउने प्रयासरत् देखिन्छन् ।

पञ्चायती व्यवस्था भित्र राष्ट्र निर्माणको वाटोमा देखिएका असफलताहरू यसका अराजनैतिक व्यवहारकै परिणाम हुन् । आर्थिक विकासका कार्यहरू यस व्यवस्थाभित्र कर्मचारीको हातमा राख्ने नीति अन्तर्गत मन्त्रिपरिषदलाई जहिले पनि निम्न स्तरवाट गठन गर्ने व्यवहार रहेको छ । यसैले पञ्चायती व्यवस्था भित्रका कुनै पनि आर्थिक कार्यक्रमहरू प्रशासनिक रेखदेख र दक्षताको अभावमा विफल हुँदै आएका सरकारी दस्तावेज आफै बोल्ने गरेका सुनिन्छन् । पञ्चायत आफ्नो शासनको अढाई दशक भित्र देशको आर्थिक विकासको बाटोमा अपनाएका यस्ता गलत व्यवहारले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देशको अर्थतन्त्र नै वर्वाद गर्न पुगेको छ । अब आएर पञ्चायत आफ्नो अढाई दशकको शासनकालभित्र खडा गरेका विकासका पूर्वाधारहरूलाई सम्भार र संरक्षण गर्नसम्म नसक्ने स्थितिमा पुगेको छ ।

आज देशमा देखा परेका विफलताहरू पञ्चायतले अपनाएका गलत नीतिका परिणाम हुन् भन्ने कुरा पंचायत भित्रको जाग्रुक अङ्गले पहिले भन्दा आज स्पष्ट देखेको देखिन्छ । त्यसैले यो तत्व राजनैतिक व्यवहारको निम्ति अरू संघर्षरत् देखिन्छ ।

पञ्चायत पनि एक निम्न मध्यम वर्गीय संगठनको रूपमा भएकाले देशका वुद्धिजीवीहरूको एक अङ्ग यसमा समावेश छ । यो आफूमा एक सचेत र जाग्रुक तत्व भएकाले राष्ट्रिय समस्यामा जाग्रुक र सचेत रहने गर्दछ । त्यसैले यो पञ्चायत भित्र समय समयमा जनता र देशका समस्याहरूमा क्रियाशील भएर आउने गरेको पाइन्छ । तर पञ्चायत भित्र रहेको अनुदार-वादी तत्व आज वलियो रुपमा रहेको हुनाले यसलाई दवाउन अझै सफल रहेको छ । यही अनुदारवादी तत्व बलियो रहेकाले पञ्चायतलाई राजनीतिकरण गर्ने कुरा सानो प्रयासले हुन सकिने कुरा देखिन्न ।

यदि पञ्चायत आफ्ना अराजनैतिक व्यवहारले राष्ट्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्माणको बाटोमा असफल रहन गएको छ भने विपक्षी राजनैतिक शक्तिहरू उक्त विफलतालाई देखाइ जनता र देशका आर्थिक उत्पीडन र विकासका सवाललाई क्रियात्मक रूपले अगाडि बढाउन सकेको पाइन्न । आज जब कि देशको अर्थतन्त्र बर्बादीको यस्तो स्थितिमा छ विपक्षी शक्तिहरू ठोस कार्यक्रमका साथ प्रभावकारी ढङ्गले अगाडि आउनुको साटो अनर्गल प्रलाप, ओंठे धाक र विभिन्न सवाल–जवाफमैं आफूलाई तल्लीन गराएका पाइन्छन् । यसरी हेर्दा पञ्चायत र आजका विपक्षी उदारवादी नामका शक्तिहरू संगठनात्मक स्वरुपमा धेरै भिन्न नदेखिएको हुँदा यिनीहरू बीचको संघर्ष समेत खास राष्ट्रिय उद्देश्य प्राप्ति र सिद्धान्तको लागि भन्दा पनि उही सत्ता पाउने होडबाजीको रूपमा देखा पर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा निश्चित राजनैतिक आधार विनाको तथाकथित राष्ट्रिय मेल-मिलापका कुरा गर्छन् भने कहिले सम्विधान सुधार सम्वन्धी कुरामा आफूलाई जनता र कार्यकर्ता वीच अल्झाएका पाइन्छन् । पञ्चायतका विफलताका घेरै कुराहरू गर्ने गरे पनि देश विकासका खास कार्यक्रम या नीति लिएर अगाडि कहित्यै पनि आउँदैनन् । त्यसैले वर्तमान राजनैतिक गतिविधिको सन्दर्भमा यी जन समक्ष एक प्रभावकारी शक्तिको रूपमा देखा पर्नुभन्दा आफ्नो प्रभाव हराउँदै गएका पाइन्छन् । यता संघर्ष र आन्दोलनका कुराहरू धेरै सुनिन्छन् भने उता जनताका दैनिक आर्थिक पीडा र कष्ट आज देशमा व्याप्त वेरोजगारी, भीषण महंगी आदि जस्ता समस्यालाई लिएर आन्दोलित भएको देखिन्न । नेपाल जस्ता विकासोन्मुख देशका जनता जो आफ्नो दैनिक काम र मामको समस्याले पीडित छन् केवल प्रजातन्त्रका भावात्मक कुराहरूवाट प्रभावित नभएको देखिन्छ । त्यसैले यी आज जनता बीच आफ्नो प्रभाव दिनहुँ गुमाउँदैछन् । वर्गीय दृष्टिकोणले हेर्ने हो भने पञ्चायत पनि देशको एउटा निम्न पूँजीवादी संगठन नै हो । यो पनि आज देशका यिनै तत्वहरू र जमातको अगुवाई गर्दैछ । तर आफूभित्र राजनैतिक व्यवहारको अभावमा यसले आर्थिक बाटोमा प्रभावकारी भूमिका अपनाउन सक्ने कुरा आएन । आफूभित्र राजनीतिकरण गर्ने प्रयास-संग यो सधैं भयभीत रहेको पाइन्छ । त्यसैले पञ्चायतको शूरूदेखि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजनीतिकरण गर्न चाहने अङ्गसित यसको ठूलो अन्तरविरोध रहेको देखिन्छ। त्यसैले समय समयमा आकर्षक नारा दिएर त्यसैको रमणीयता र भ्रमजाल भित्र घुमाउने निरन्तर प्रयास देखिदोछ। पञ्चायत भित्र राजनैतिकरण गर्ने विरूद्धमा अनुदार-वादी तत्वसंगको अन्तरविरोध आज पहिले भन्दा धेरै स्पष्ट रूपमा देखिदैछ। पञ्चातलाई राजनीतिकरण गर्ने पक्ष–विपक्षको द्वन्द पञ्चायत स्वयम्लाई टुक्राउने चुनौती दिएर सम्म आएको पनि यस भित्रका केही तत्वले आपसी कलह र फूटको संज्ञा दिई त्यसलाई अगाडि आउने उभाडवाट सशक्त रूपमा दवाउने प्रयासरत् देखिन्छन्।

पञ्चायती व्यवस्था भित्र राष्ट्र निर्माणको वाटोमा देखिएका असफलताहरू यसका अराजनैतिक व्यवहारकै परिणाम हुन्। आर्थिक विकासका कार्यहरू यस व्यवस्थाभित्र कर्मचारीको हातमा राख्ने नीति अन्तर्गत मन्त्रिपरिषदलाई जहिले पनि निम्न स्तरवाट गठन गर्ने व्यवहार रहेको छ। यसैले पञ्चायती व्यवस्था भित्रका कुनै पनि आर्थिक कार्यक्रमहरू प्रशासनिक रेखदेख र दक्षताको अभावमा विफल हुँदै आएका सरकारी दस्तावेज आफै बोल्ने गरेका सुनिन्छन्। पञ्चायत आफ्नो शासनको अढाई दशक भित्र देशको आर्थिक विकासको वाटोमा अपनाएका यस्ता गलत व्यवहारले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देशको अर्थतन्त्र नै वर्वाद गर्न पुगेको छ । अब आएर पञ्चायत आफ्नो अढाई दशकको शासनकालभित्र खडा गरेका विकासका पूर्वाधारहरूलाई सम्भार र संरक्षण गर्नसम्म नसक्ने स्थितिमा पुगेको छ ।

आज देशमा देखा परेका विफलताहरू पञ्चायतले अपनाएका गलत नीतिका परिणाम हुन् भन्ने कुरा पंचायत भित्रको जाग्रुक अङ्गले पहिले भन्दा आज स्पष्ट देखेको देखिन्छ । त्यसैले यो तत्व राजनैतिक व्यवहारको निम्ति अरू संघर्षरत् देखिन्छ ।

पञ्चायत पनि एक निम्न मध्यम वर्गीय संगठनको रूपमा भएकाले देशका वुद्धिजीवीहरूको एक अङ्ग यसमा समावेश छ । यो आफूमा एक सचेत र जाग्रुक तत्व भएकाले राष्ट्रिय समस्यामा जाग्रुक र सचेत रहने गर्दछ । त्यसैले यो पञ्चायत भित्र समय समयमा जनता र देशका समस्याहरूमा क्रियाशील भएर आउने गरेको पाइन्छ । तर पञ्चायत भित्र रहेको अनुदार-वादी तत्व आज वलियो रुपमा रहेको हुनाले यसलाई दवाउन अझै सफल रहेको छ । यही अनुदारवादी तत्व वलियो रहेकाले पञ्चायतलाई राजनीतिकरण गर्ने कुरा सानो प्रयासले हुन सकिने कुरा देखिन्न ।

यदि पञ्चायत आफ्ना अराजनैतिक व्यवहारले राष्ट्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्माणको बाटोमा असफल रहन गएको छ भने विपक्षी राजनैतिक शक्तिहरू उक्त विफलतालाई देखाइ जनता र देशका आर्थिक उत्पीडन र विकासका सवाललाई क्रियात्मक रूपले अगाडि बढाउन सकेको पाइन्न । आज जब कि देशको अर्थतन्त्र बर्बादीको यस्तो स्थितिमा छ विपक्षी शक्तिहरू ठोस कार्यक्रमका साथ प्रभावकारी ढङ्गले अगाडि आउनुको साटो अनर्गल प्रलाप, ओंठे धाक र विभिन्न सवाल–जवाफमैं आफूलाई तल्लीन गराएका पाइन्छन् । यसरी हेर्दा पञ्चायत र आजका विपक्षी उदारवादी नामका शक्तिहरू संगठनात्मक स्वरुपमा धेरै भिन्न नदेखिएको हुँदा यिनीहरू बीचको संघर्ष समेत खास राष्ट्रिय उद्देश्य प्राप्ति र सिद्धान्तको लागि भन्दा पनि उही सत्ता पाउने होडबाजीको रूपमा देखा पर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुद्रक : गणेश प्रिन्टिङ्ग प्रेस, रणमुक्तेश्वर, खिचापोखरी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection